# नेपाल सरकार

## शिक्षक सेवा आयोग

## निम्न माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदको खुला प्रतियोगितात्मक विषयगत परीक्षा - २०८२

**तह: निम्न माध्यमिक तह** **पूर्णाङ्क: १००**

**समय: ३ घण्टा** **उत्तीर्णाङ्क: ४०**

**विषय: सामाजिक अध्ययन**

**सबै प्रश्नहरु अनिवार्य छन् । प्रत्येक खण्डका लागि बेग्लाबेग्लै उत्तरपुस्तिका प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ**

### खण्ड -क

| | |
|---|---|
| **१.** सामाजिक अध्ययन ठाउँ, परिवेश र समय अनुसार परिवर्तन हुने एक सापेक्ष विषय हो भन्ने भनाइलाई पुष्टि गर्नुहोस् । यस अध्ययनले बालबालिकालाई कसरी असल नागरिक बनाउन मद्दत पुर्याउँछ ? बुँदागत रुपमा लेख्नुहोस् । | [५ + ५] |
| **२.** प्रविधि र सामाजिक सञ्जालको प्रयोगले सामाजिक मूल्य र मान्यतामा पारेको सकारात्मक र नकारात्मक प्रभावको विश्लेषण गर्नुहोस् । | [५ + ५] |
| **३.** समतामूलक समाजको निर्माणमा समावेशीकरणको कस्तो भूमिका हुन्छ ? विद्यालय तहमा सामाजिक अध्ययन विषयको शिक्षणबाट समतामूलक समाजको निर्माणमा हुनसक्ने योगदानको व्याख्या गर्नुहोस् । | [५ + ५] |
| **४.** नेपालको भौगोलिक विविधताको परिचय दिँदै यसले सामाजिक जनजीवनमा पारेका प्रभावलाई उदाहरणसहित विश्लेषण गर्नुहोस् । | [५+ ५] |
| **५.** सार्क (SAARC) को परिचय दिँदै 'संयुक्त राष्ट्रसंघ' भन्ने पाठ कक्षा -८ का विद्यार्थीलाई अध्यापन गर्न प्रयोग गरिने कुनै ३ वटा विधिहरू उदाहरणसहित प्रस्तुत गर्नुहोस् । | [४ + ६] |

### खण्ड -ख

| | |
|---|---|
| **६.** प्राकृतिक स्रोतको संरक्षणमा दिगो विकासले पुऱ्याउने योगदानको चर्चा गर्दै नेपालको विकासमा जनसङ्ख्या व्यवस्थापनको आवश्यकतालाई तर्कसहित पुष्टि गर्नुहोस् । | [५ + ५] |
| **७.** सांस्कृतिक विविधतालाई स्पष्ट पार्नुहोस् । विद्यमान अवस्थामा विविधता व्यवस्थापनका चुनौतीहरूको सूची तयार गरी यस सन्दर्भमा राज्यले खेलेको भूमिका औंल्याउनुहोस् । | [२ + ४ +४] |

| | |
|---|---|
| **८.** सामाजिक अध्ययन शिक्षणको क्रममा देखिन सक्ने सम्भावित कठिनाइहरू पहिचान गर्नुहोस् । एक कुशल शिक्षकको नाताले ती कठिनाइहरू न्यूनीकरणका लागि तपाईंले प्रयोग गर्ने उपायहरूको सुनिश्चितता कसरी गर्नुहुन्छ ? स्पष्ट पार्नुहोस् । | **[३+७ ]** |
| **९.** शिक्षण योजनाको महत्व उल्लेख गर्नुहोस् । कक्षा -८ को सामाजिक अध्ययन विषय अन्तर्गत 'सुशासन' भन्ने पाठ शिक्षणका लागि आवश्यक गर्ने नमूना पाठयोजना तयार पार्नुहोस् । | **[४+६ ]** |
| **१०.** सामाजिक अध्ययन विषयको मूल्याङ्कन प्रक्रियाबारे समीक्षा गर्दै सामाजिक अध्ययनमा समाजमिति र सहभागितामूलक मूल्याङ्कनको प्रयोग सम्बन्धमा तपाईंका सुझावहरू बुँदागत रुपमा प्रस्तुत गर्नुहोस् । | **[४+६ ]** |